# पाठ्यक्रम सम्बन्धी सूचना

धितोपत्र दलाल व्यवसायी ईजाजतको सिफारिशको लागि लिईने वस्तुगत परीक्षाको लागि विस्तृत पाठ्क्रम, परीक्षा पद्धति, परीक्षाको लागि संशोधित प्रश्न संख्या एवं समयावधि देहाय अनुसार भएको व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराईन्छ ।

## धितोपत्र दलाल व्यवसायी ईजाजतको लागि
## वस्तुगत परीक्षाको विस्तृत पाठ्यक्रम

**मूल्याङ्कनबाट छानिएका संगठित संस्थाका प्रवन्ध निर्देशकसंग देहायको विषयमा वस्तुगत परीक्षा लिईनेछ । OMR (Optical Mark Recognition) विधिको आधारमा परीक्षा संचालन गरी नतीजा प्रकाशन गरिनेछ ।**

कुल वस्तुगत प्रश्न : ५०
समय : ७५ मिनेट
पूर्णाङ्क : २५
उत्तीर्णाङ्क :७.५ (३०%)

१. **नेपालको वित्तीय प्रणाली** : वित्तीय प्रणालीको विद्यमान स्वरुप तथा अवस्था, केन्द्रीय बैंक, वाणिज्य बैंक र गैर- बैंकिग वित्तीय संस्थाहरु (विकास वैंक, वित्त कम्पनी तथा अन्य वित्तीय संस्थाहरु), Contractual Saving Institutions (कर्मचारी संचय कोष, वीमा कम्पनी, नागरिक लगानी कोष) र वाणिज्य बैंक तथा गैर-बैंकिङ्ग वित्तीय संस्थाहरुबाट परिचालित वित्तीय साधनहरु, वित्तीय उपकरणहरु, र नेपालको आर्थिक विकासमा तीनको प्रभाव ।

२. **पूँजी बजार** : नेपालको पूँजी बजार र त्यसका प्रकारहरुः प्राथमिक बजार तथा द्वितीय बजार, मुद्रा बजार तथा पूँजी बजारबीच अर्न्तसम्बन्ध, पूँजी बजारका उपकरणहरु, पूँजी बजारको वित्तीय विश्लेषण, पूँजी बजारका परिसूचकहरु, संगठित बजार तथा Over the Counter Market (OTC), धितोपत्र बजार, ऋणपत्र बजार तथा शेयर बजार, सरकारी ऋणपत्र र सस्थागत ऋणपत्र, पूँजी तथा मुद्रा बजारको नियमन सम्बन्धी विद्यमान व्यवस्था ।

३. **धितोपत्र बोर्ड** : नेपाल धितोपत्र वोर्डको संगठन र यसको काम कर्तव्य तथा अधिकार, बोर्डको पूँजी बजार र धितोपत्र विनिमय बजार नियमन सम्बन्धी भूमिका तथा व्यवस्था

४. **नेपाल धितोपत्र विनिमय बजार** : नेपाल धितोपत्र विनिमय बजारको स्थापना, गठन, काम, कर्तब्य तथा अधिकार, विनिमय बजारसंग सम्बन्धित संस्थाहरु, बजार पूँजीकरण, Nepse Index, Sensitive Index, Float Index ।

५. **धितोपत्र व्यवसाय** : नेपालमा धितोपत्र दलाल ब्यवसाय, बजार निर्माता तथा धितोपत्र व्यापारी र तीनको काम, कर्तब्य तथा अधिकार ।

६. **धितोपत्र बजार तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी नीति नियम** : धितोपत्र ऐन-२०६३, धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली-२०६४, धितोपत्र बजारसम्बन्धी नियमावली-२०६४, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था ऐन, २०६३ ।

७. **नेपालको अर्थतन्त्रबारे सामान्य जानकारी** : नेपालको आर्थिक संरचना (कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना, कृषि तथा गैर-कृषि क्षेत्र ( वित्त, उद्योग, व्यापार, निर्माण, पर्यटन, सञ्चार, तथा यातायात) को योगदान, उपभोग, लगानी, बचत तथा पूँजी निर्माण, नेपाली अर्थतन्त्रको विशेषता, वैदेशिक व्यापार तथा भुक्तानी सन्तुलनको स्थिति, नेपालको शोधनान्तर स्थिति तथा विदेशी विनिमय व्यवस्था र विदेशी विनिमय प्रणाली, नेपालको मौद्रिक तथा वित्त नीति, मुलुकको आर्थिक स्थिति तथा पूँजी बजारबीचको सम्बन्ध ।